जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २६२ २०८२ साल जेठ ९ गते शुक्रबार (23 May 2025 Friday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : शिक्षक दरबन्दी न्यून हुँदा ... ३ पृष्ठमा : प्रदेशको अर्थतन्त्रलाई ... ३ पृष्ठमा : गाजामा लगभग ९० वटा ...

## राजविराज नगरपालिकाका योजना अधिकृतसहितका ब्यक्ति बिरुद्ध कार्यवाहक मेयरद्वारा प्रहरीमा उजुरी





**दैनिक समाचारदाता**
**राजविराज, ८ जेठ ।**

राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परवीनले आफ्नै कार्यालयका योजना अधिकृत मनोज यादवसहितका केही ब्यक्तिहरुलाई कारवाहीको माग गर्दै प्रहरीमा उजुरी दिएकी छिन ।

नगरपालिकाको विभिन्न फाँट र आफ्नो कार्यकक्षमा समेत पसेर तोडफोड र गालीगलौज गर्दै उपद्रव मच्चाएको भन्दै उनीहरु बिरुद्ध बिहीबार प्रहरीमा उजुरी दिएकी हुन् ।

वडाअध्यक्ष शशी चौधरी, जयनारायण मण्डल तथा सरसफाई कर्मचारीसहित जिल्ला प्रहरी कार्यालय पुगेकी कार्यवाहक मेयर परवीनले प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडालाई उजुरी पत्र बुझाउँदै यस्तो माग गरेकी छिन ।

उक्त कार्यमा संलग्न राजविराज नगरपालिका १५ घर भएका योजना शाखाका अधिकृत मनोज कुमार यादव, राजविराज नगरपालिका १३ का गजेन्द्र यादव र राजविराज नगरपालिका ९ का सुधिर यादव सहित ५/६ जनाको समुहमा आएका ब्यक्तिले बुधबार साँझ कार्यालयमा बैठक बसेका बेला विभिन्न फाँट र आफ्नो कार्यकक्षमा प्रवेश गरी सरसमान क्षतविक्षत बनाएको, टि-टेवल, गमला र पानीको जार तोडफोड

*बाँकी अन्तिम पृष्ठमा*

## रेडियो नेपाल र नेपाल टेलिभिजनको प्रादेशिक प्रसारण अब जनकपुरबाट हुने



**दैनिक समाचारदाता**
**जनकपुरधाम, ८ जेठ ।**

मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानुन मन्त्रालय र सार्वजनिक सेवा प्रसारण नेपाल बीच भवन प्रयोग सम्बन्धी बिहीबार सम्झौता पत्रमा हस्ताक्षर भएको छ ।

गृह मन्त्रालयको तर्फबाट गृह मन्त्री राजकुमार लेखी र सार्वजनिक सेवा प्रसारण नेपालको तर्फबाट कार्यकारी अध्यक्ष डा. महेन्द्र बिष्टले हस्ताक्षर गरेका हुन् । हस्ताक्षर भए संगै अब रेडियो नेपाल र नेपाल टेलिभिजनको प्रादेशिक प्रसारण मधेश भवनबाट हुने भएको छ ।

रेडियो नेपाल तथा नेपाल टेलिभिजनको प्रत्यक्ष प्रसारण मधेश प्रदेशको जनकपुरस्थित मधेश भवन भित्र बाटै हुने भएको हुदा संचार क्षेत्रमा महत्वपुर्ण उपलब्धी भएको गृह मन्त्री लेखीले बताए ।

प्रदेश सरकारका प्रवक्ता एवम गृह, सञ्चार तथा कानुन मन्त्री लेखीको अध्यक्षतामा

*बाँकी दुई पृष्ठमा*

## कर परामर्श सेवा केन्द्र

**राजविराज-४**

### कर्मचारी आवश्यकता

यस परामर्श केन्द्रका लागि निम्न अनुसारको कर्मचारीको आवश्यकता भएकोले यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले १५ (पन्द्रह) दिन भित्र इच्छुक उम्मेदवारहरुले आ-आफ्ना प्रमाण पत्रको प्रतिलिपि यस परामर्श केन्द्रमा पेश गर्नु हुन यो सुचना प्रकाशन गरिएको छ ।

१. **पद** :- कम्प्युटर अपरेटर
२. **संख्या** :- १ एक
३. **योग्यता** :- वाणीज्य विषयमा न्युनत्तम +२ उतीर्ण भएको ।
४. **पारिश्रमिक** :- आपसी सहमतिमा तय गरिने छ ।
५. **परिक्षाको किसिम** :- प्रतियोगात्मक तथा अन्तरवार्ता ।
६. **सम्पर्क नं.** :- ९८०१५३०५७७/९८०४७९८८०८

***नोट :- कम्प्युटरमा एकसल, ट्यालीमा दक्षता प्राप्त हुनु पर्ने छ ।***

## हनुमाननगर जेलब्रेक भएको स्थललाई पर्यटकिय स्थलका रुपमा विकास गर्न माग




**दैनिक समाचारदाता**
**राजविराज, ८ जेठ ।**

सप्तरीको चर्चित एवं ऐतिहासिक "हनुमाननगर जेल ब्रेक" घट्ना भएको ८२ वर्ष पुरा भएको छ । सोही घटनाको सम्झना र सम्मानका साथै उक्त घटना स्थललाई पर्यटकिय स्थलको रुपमा विकास गर्नु पर्नेमा बिहीबार राजविराजमा आयोजित एक कार्यक्रमका वक्ताहरुले जोड दिएका छन् ।

नेपाल-भारत जनमैत्री एकता मञ्च सप्तरीद्वारा विहीवार राजविराजमा आयोजित "हनुमाननगर जेल ब्रेक र नेपाल-भारत जनसम्बन्ध एकता" विषयक कार्यक्रमका सहभागी वक्ताहरुले ऐतिहासिक घट्नाको स्मरण र सम्मान सहित उक्त स्थललाई पर्यटकिय स्थलको रुपमा विकास गर्नु पर्नेमा जोड दिएका हुन ।

हनुमाननगर जेल आक्रमण प्रकरणको छुट्टै विशेष एवं ऐतिहासिक महत्व रहेकाले सो घटनाको ऐतिहासिकताको स्मरण, सम्मान र चर्चासंगै उक्त स्थललाई पर्यटकिय स्थलको रुपमा विकास गर्ने उद्देश्यले यस्तो कार्यक्रमको आयोजना गरिएको पूर्व सिंचाई मन्त्री समेत रहेका नेपाल-भारत जनमैत्री एकता मञ्च सप्तरीका संयोजक उमेश कुमार यादवले बताए ।

भारतका तत्कालिन अंग्रेज शाषकको अनुरोधमा राणा शासकहरुले भारतीय स्वतन्त्रता आन्दोलनको क्रममा नेपालबाट पक्राउ परेका भारतीय समाजवादी नेता जय प्रकाश नारायण, राम मनोहर लोहिया, विजया पटबर्द्धन लगायत ७ जनालाई पक्राउ गरी सप्तरीको पुरानो सदरमुकाम हनुमाननगरस्थित जेलमा कैद गरेका थिए ।

सन १९४३ मइ २२ ( वि.स.२००० जेठ ९ गते) सप्तरीका रामेश्वर सिंह, जय मंगल सिंह,

*बाँकी तीन पृष्ठमा*

## स्तन क्यान्सरका लक्षण

- स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठागुठी देखिनु,
- स्तनको छाला लामो समयसम्म निको नहुने खटिरा आउनु,
- स्तनको आकारमा परिवर्तन आउनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो हुनु,
- स्तनको मुन्टा भित्रतर्फ जानु,
- स्तनको मुन्टाबाट रगत वा पीप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु आदि ।

यी मध्ये कुनै पनि लक्षण देखिएमा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### हतारमा बजेट सकाउने काम नगरौं

सरकारको हरेक आर्थिक वर्षको अन्त्यतिर एक पुरानो रोग देखा पर्छ, हतार-हतारमा बजेट खर्च गर्ने प्रवृत्ति । जुनसुकै निकाय होस्, वर्षभरी सुस्त गतिमा खर्च भएको बजेट अचानक अन्त्यतिर तिव्र गतिमा सकिने देखिन्छ । यो अवस्था केवल खर्चको लक्ष्य पुरा गर्नका लागि गरिन्छ, न कि योजनाको गुणस्तरीय कार्यान्वयनका लागि ।

यसले दुईवटा समस्या उत्पन्न गर्छ । पहिलो, यसले पारदर्शिता र उत्तरदायित्वमा प्रश्न उठाउँछ । दोश्रो, हतारमा खर्च गरिएका बजेटहरूले दीर्घकालीन प्रभाव र आवश्यकतामा आधारित काम होइन, केवल कागजी प्रगति देखाउन खोजेको अनुभूति गराउँछ । यस्तो प्रवृत्तिले स्रोतको दुरुपयोग, अपुरो योजना, र कम गुणस्तरीय पूर्वाधार निर्माणको सम्भावना बढाउँछ ।

अब समय आएको छ कि हामी बजेट कार्यान्वयनलाई समावेशी, पारदर्शी र समयमै गराउने संस्कारको विकास गरौं । योजनाबद्ध र गुणस्तरीय खर्चलाई प्राथमिकता दिइनुपर्छ । बजेट खर्च गर्नु मात्र उपलब्धि होइन, त्यसको प्रभावकारीता र जनउत्तरदायित्व पनि सुनिश्चित गर्न जरुरी छ । तसर्थ अबको नीति स्पष्ट हुनुपर्छ, हतारमा बजेट सकाउने काम नगरौं, प्रभावकारी र परिणाममुखी बजेट कार्यान्वयन गरौं । यही बाटोले मात्र देशको आर्थिक अनुशासन र विकास सम्भव छ ।

# शिक्षक दरबन्दी न्यून हुँदा पठनपाठनमा समस्या

जनकपुरधाम, ८ जेठ (रासस) ।

मधेस प्रदेशका शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारीले प्रदेशमा विद्यार्थीको अनुपातमा शिक्षकको दरबन्दी न्यून भएकाले पठनपाठनमा समस्या हुँदै आएको बताउनुभएको छ ।

मधेस प्रदेशको शिक्षासम्बन्धी प्रदेशस्तरीय कार्ययोजना तर्जुमा गोष्ठीको बिहीबार जनकपुरधाममा उद्घाटन गर्दै उहाँले सङ्घीय सरकारले मधेस प्रदेशअन्तर्गतका विद्यालयमा तोकिएको विद्यार्थी अनुपातमा शिक्षक दरबन्दी उपलब्ध नगराउँदा गुणस्तरीय शिक्षाको विकासमा समस्या भएको उल्लेख गर्नुभयो ।

"हामीले पटकपटक विद्यार्थी अनुपातमा शिक्षक तोक्नुपर्ने माग गर्दै आएका छौँ, तर सो अधिकार सङ्घीय सरकारसँग रहकाले शिक्षा क्षेत्रमा देखिएका यस्ता समस्या समाधान गरी गुणस्तरीय शिक्षा र विद्यार्थी उत्पादनमा जोड दिनुपर्छ", मन्त्री तिवारीले भन्नुभयो ।

शिक्षकको समस्या समाधानका लागि मन्त्रालयले स्वयंसेवक शिक्षक बहालीको माग गरेसँगै केही हदसम्म समस्या समाधनतर्फ गएको जनाउँदै उहाँले मधेस प्रदेशमा शिक्षा क्षेत्रको विकास तथा सुधारका लागि विनियोजित बजेट खर्च हुन नसकेकोप्रति चिन्ता व्यक्त गर्नुभयो ।

मन्त्रालयको चालु आर्थिक वर्षमा रु दुई अर्ब ३२ करोड बजेट रहेको जनाउँदै तिवारीले शिक्षक अभावका कारण खर्च हुन नसकेको उल्लेख गर्नुभयो । प्रदेश सरकार शिक्षासँग सम्बन्धित १८ वटा कार्यविधि पारित गरेर यस क्षेत्रको समग्र विकासमा लागेको स्पष्ट गर्नुभयो ।

धनुषाको मुखियापटी मुसरनीया गाउँपालिकाका अध्यक्ष जयकुमार यादवले पालिकाभित्र रहेका १३ वटा विद्यालयको भवन निमार्ण र पूर्वाधार विकासमा रु २४ करोड बजेट विनियोजन गरेर कार्य गरिरहेको जानकारी दिनुभयो । "छात्रछात्राका लागि निःशुल्क बससेवा, नास्ता तथा पोसाक र निःशुल्क पुस्तकको व्यवस्था गरेका छौँ । शिक्षकको कमीका कारण पठनपाठनमा भने समस्या भइरहेको छ", उहाँले भन्नुभयो ।

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई)का केन्द्रीय अध्यक्ष राजेन्द्र पहाडीले संस्थाले गुणस्तरीय, प्रविधियुक्त वैज्ञानिक तथा दीर्घकालीन शिक्षाको विकासमा जोड दिएको बताउँदै न्यायपूर्ण समाज विकासमा लाग्न सबैलाई आग्रह गर्नुभयो । उहाँले एनसिई मधेस प्रदेशको सात जिल्लामा शिक्षा सुधारका पक्षमा काम गर्दै आएको बताउनुभयो ।

युरोपियन युनियनको आर्थिक सहयोगमा पिपल इन निड, शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (एनसिई) तथा नेपाल अपाङ्ग महिला सङ्घद्वारा आयोजित गोष्ठीमा मधेस प्रदेशको शिक्षाको अवस्थाबारे जानकारी गराइएको थियो ।

एनसिईका प्रदेश संयोजक लक्ष्मेश्वर मण्डलको अध्यक्षतामा भएको उक्त गोष्ठीमा एनसिई धनुषा संयोजक कमलेश मण्डल, पिपुल इन निडका संयोजक सुशिल साह र शिक्षा तथा संस्कृति मन्त्रालयका अधिकृत दिलीप मुखियाले मधेस प्रदेशमा शिक्षाको अवस्था, समस्या र चुनौतीका बारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

# नवराजपुरमा मैथिली भाषाको पाठ्यपुस्तक लागू

सिरहा, ८ जेठ (रासस) ।

सिरहाको नवराजपुर गाउँपालिकाले मैथिली भाषाको स्थानीय पाठ्यपुस्तक निर्माण गरी कक्षा १ देखि कक्षा ३ सम्म पठनपाठन गराउन थालेको छ । गाउँपालिकाले चालु शैक्षिक सत्रदेखि 'हमर नवराजपुर' (हाम्रो नवराजपुर) नामक पाठ्यपुस्तक तयार गरी २० वटै सामुदायिक विद्यायलमा पठनपाठन गराउन सुरु गरेको हो ।

गाउँपालिकाका अध्यक्ष शिव उदगार यादवका अनुसार एक सय पूर्णाङ्कसम्मको स्थानीय भाषामा पाठ्यपुस्तक तयार गरेर पढाउन पाइने प्रावधानअनुसार पाठ्यपुस्तक तयार गरी लागू गरिएको हो । आगामी वर्षको शैक्षिक सत्रदेखि कक्षा ६ सम्म स्थानीय भाषाको पाठ्यक्रम तयार गरी कार्यान्वयन गरिने उहाँले जानकारी दिनुभयो ।

अध्यक्ष यादवले भन्नुभयो, "अहिले कक्षा १ देखि ३ सम्म स्थानीय पाठ्यपुस्तक लागू गरेका छौँ । संविधान अनुसार मौलिक भाषा, कला र संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्नुपर्ने दायित्व स्थानीय तहको भएकाले सोहीअनरूप काम गरिएको हो । आगामी शैक्षिकसत्र २०८३ मा कक्षा ६ मा पनि मातृभाषामा पठनपाठन गराउने योजना अनुरूप पाठ्यपुस्तक छपाइको तयारी गरिएको छ ।"

पाठ्यपुस्तकमा नवराजपुर गाउँपालिकाको भूगोल, संस्कृति, परम्परा, जनजीवन, प्रकृतिक सम्पदा, पर्यटन, कृषि, पशुपालन, स्थानीय घरेलु प्रविधिलगायत विषयवस्तु समावेश गरिएका अध्यक्ष यादवले जानकारी दिनुभयो । पछिल्लो समय बालबालिकालाई सहरबजार लगेर पढाउने प्रचलन बढेपछि स्थानीय भाषा र संस्कृति सङ्कटमा पर्नसक्ने भएकाले त्यसको संरक्षणका लागि माटो सुहाउँदो पाठ्यपुस्तक बनाएर विद्यालयमा पढाउन थालिएको उहाँको भनाइ छ ।

अङ्ग्रेजी भाषाको मोहका कारण स्थानीय भाषा सङ्कटमा परिरहेको अवस्थामा गाउँपालिकाले मातृभाषामा पाठ्यक्रम निर्माण गरी पठनपाठन सुरु गर्नु प्रशंसनीय रहेको मैथिली साहित्य परिषद् सिरहाका संयोजक रामरिझन यादवले बताउनुभयो । अन्य स्थानीय तहले पनि आफ्नो भाषा, कला, संस्कृतिको संरक्षण र सम्वर्द्धनमा यस्तो कार्यलाई प्राथमिकता दिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

# मनसुनअघि नै विपद् जोखिमको आँकलन गरेर पूर्वतयारी थाल्न सरकारलाई निर्देशन

काठमाडौँ, ८ जेठ (रासस) ।

सांसदले मनसुनअघि नै विपद् जोखिम न्यूनिकरण गर्न पूर्वतयारी गर्नुपर्नेमा जोड दिनुभएको छ । राष्ट्रियसभा, सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको बिहीबारको बैठकमा उहाहरुले मनसुनजन्य विपद्बाट हुन सक्ने सम्भावित क्षति न्यूनिकरण गर्न तयारी थाल्नुपर्नेमा जोड दिनुभएको हो । विपद् व्यवस्थापन (विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभ) सम्बन्धमा भएका काम कारबाही, विपद् जोखिम न्यूनीकरणको लागि तयारी तथा भावी कार्ययोजना सम्बन्धमा बैठक बसेको थियो ।

समितिका सभापति सोनाम गेल्जेन शेर्पाले विपद् व्यवस्थापनसम्बन्धी सरकारी नीति तथा योजनाको प्रभावकारी कार्यन्वयन हुनुपर्ने सुझाव दिनुभयो । विपद् व्यवस्थापन गर्न समन्वय बढाउनुपर्ने, सुरक्षाका सामग्रीको व्यवस्थापन, समयमा नै राहत व्यवस्थापन, छिटो र सहजरूपमा राहत र उद्धार गर्न स्थानीय तहलाई सक्रिय बनाउनुपर्ने तथा स्थानीय राहत कोषमा रकम पठाउदा प्रभावकारी र छिटो हुने उहाँको भनाइ छ ।

सांसद जगप्रसाद शर्माले सूचना प्रविधिको सदुपयोग गर्दै विपद् जोखिम न्यूनिकरण गर्नुपर्ने सुझाव दिनुभयो । विपद्का जोखिम भएका बस्तीका मानिसलाई अनेत्र व्यवस्थापन गर्नुपर्नेमा उहाँको जोड रहेको छ ।

यसैगरी सांसद इन्दिरादेवि गौतमले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको प्रभावकारी कार्यन्वयनमा जोड दिनुभयो । सांसद उदयबहादुर बोहोराले समयमा नै उद्धार र राहत उपलब्ध गराउने गरी तयारी थाल्नुपर्ने सुझाव दिनुभयो ।

राष्ट्रिय जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख दिनेशप्रसाद भट्टले यस वर्ष औसतभन्दा बढी वर्षा हुने भन्दै विपद् प्रतिकार्य तथा पूर्वतयारीका लागि कार्य गर्नुपर्ने र तीनै तहका सरकारबीचको समन्वय बढाउनुपर्नेमा जोड दिनुभयो । "बुधबार जल तथा मौसम विज्ञान विभागले सार्वजनिक गरेको हावापानी आँकलनअनुसार यस मनसुन ॠतुमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना रहेको छ । कर्णाली प्रदेशको पूर्वीभू-भाग, लुम्बिनी प्रदेशको उत्तरी भू-भाग र गण्डकी प्रदेशको अधिकांश भू-भागमा सरदरभन्दा बढी वर्षा हुने संभावना ५५% देखि ६५% रहेको देखिएको छ," उहाँले भन्नुभयो, "सुदुरपश्चिम प्रदेशको दक्षिणी भू-भाग, लुम्बिनी प्रदेशको पश्चिमी भू-भाग, गण्डकी प्रदेशको उत्तर-पूर्वी भू-भाग, बागमती र कोशी प्रदेशको उत्तरी भू-भागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ४५४ देखि ५५% रहेको छ । तसर्थ यस वर्षको मनसुनमा सतर्कता अपनाउन पूर्वतयारीका कार्यक्रमलाई जोड दिने छौँ ।"

कार्यकारी निर्देशक भट्टले आगामी मनसुनमा गत वर्षको भन्दा राम्रो पूर्वतयारी गर्ने र जोखिम न्यूनिकरणका प्रयास गरिने बताउनुभयो ।

सांसदहरु विष्णुकुमारी सापकोटा, राजेन्द्र लक्ष्मी गैरे, किरणबहादुर श्रेष्ठ, नारायणदत्त मिश्र, गोपीबहादुर सार्की आछामीले पनि विपद्को जोखिम न्यूनिकरणका लागि समयमा नै पूर्वतयारी गर्नुपर्ने, विपद्पछिको उद्धार राहतमा जोड दिनुपर्ने, बस्ती स्तानान्तरण गर्नुपर्नेमा जोड दिनुभयो ।

***रेडियो...***

बसेको बैठकमा मधेश प्रदेशका मुख्यमन्त्री सतिश सिंहको प्रमुख अतिथ्यता, सार्वजनिक सेवा प्रसारण नेपालका कार्यकारी अध्यक्ष डा. महेन्द्र बिष्ट, नीति आयोगका सदस्य डा.शिला मिश्र लगायतको उपस्थिती रहेको थियो ।


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज

Mo. No : 9842830252, 9804605569

# प्रदेशको अर्थतन्त्रलाई मजबुत बनाउन सरकार प्रतिबद्ध छ : मुख्यमन्त्री सिंह

जनकपुर, ८ जेठ (रासस)।

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले कृषि क्षेत्रको विकासमार्फत प्रादेशिक अर्थतन्त्रलाई मजबुत बनाउन सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ।

नेपाल उद्योग वाणिज्य महासङ्घ मधेश प्रदेशद्वारा बुधबार जनकपुरधाममा आयोजित अन्तरक्रियामा उहाँले कृषि विद्युतीकरण तथा सिँचाइ व्यवस्थापनका लागि प्रदेश सरकारले स्थानीय तहलाई अनुदान दिएको र त्यसमा बहुसङ्ख्यक स्थानीय तह परेको बताउनुभयो।

मुख्यमन्त्री सिंहले स्टार्टअपसम्बन्धी कार्यक्रमका लागि विनियोजित बजेट परिचालन गर्न कार्यविधि बनाई काम अगाडि बढाए पनि बैङ्कहरूको अरुचिका कारण समस्या भएको उल्लेख गर्दै आगामी आर्थिक वर्षमा स्टार्टअप तथा इन्क्विवेसन सेन्टर वीरगञ्जमा स्थापनाका गर्नका लागि बजेट छुट्याइने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले प्रदेश सरकारले आवश्यकता एवम् औचित्यका आधारमा आर्थिक क्षेत्रमा फड्को मार्न नीतिगत प्रस्टता र सुशासन कायम गर्ने बताउनुभयो।

मुख्यमन्त्री सिंहले राजस्व सङ्कलन गर्ने विन्दुमा प्रदेश सरकारको कानुनी हस्तक्षेप निष्प्रभावी रहेको भन्दै त्यस्ता ठाउँलाई व्यवस्थित र उपलब्धिमूलक बनाउन सङ्घ सरकारसँग संवाद गर्ने बताउनुभयो। उहाँले उद्योग तथा कलकारखानालगायत अन्य पूर्वाधार विकासका लागि जग्गा व्यवस्थापन गर्न सरकारले गुठी ऐन ल्याउन लागेको बताउनुभयो। पर्यटन विकासका लागि मिनी क्यासिनो सञ्चालन अनुमति दिने अधिकार प्रदेश सरकारसँग भए पनि सञ्चालनमा रहेका क्यासिनोको अनुभव दुःखद रहेका उहाँको भनाइ थियो। "वीरगञ्जका दुई क्यासिनोका कारण धेरै नेपालीको उठिबास भएको छ। प्रदेश सरकारले नियमन गर्न खोजिरहँदा ती क्यासिनोले सहयोग गरिरहेका छैनन्। नेपाली नागरिकलाई बिचल्ली बनाउने क्यासिनोमा ताल्चा लगाए गुनासो नगर्नुहोला", उद्योगी-व्यवसायीलाई मुख्मन्त्री सिंहले आग्रह गर्नुभयो।

महासङ्घ प्रदेश अध्यक्ष अशोक टेमानीले उद्योग व्यवसाय, कृषि, पर्यटन, पूर्वाधार, स्वास्थ्य, शिक्षा, सार्वजनिक वित्तलगायत क्षेत्रको विकासका लागि प्रदेशको स्थिति अनुकूल भए पनि बजेटको प्राथमिकता र कार्यान्वयन अभावमा अन्य प्रदेशको तुलनामा मधेश आर्थिक सूचकाङ्कमा कमजोर हुन पुगेको बताउनुभयो।

वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरि गौतमले स्थिर आर्थिक नीतिबाट नेपाली तथा विदेशी लगानीकर्ताको हित सुनिश्चितता, आवश्यक कानुन निर्माण, प्रोजेक्ट बैङ्कको पूर्णता र लगानी प्राधिकरणजस्ता व्यवस्था एवम् संरचना बनाई उद्योग व्यवसाय प्रवर्द्धन गरिनुपर्ने बताउनुभयो।

कार्यक्रममा प्रदेशका अर्थमन्त्री सुनिलकुमार यादव, उद्योग तथा पर्यटनमन्त्री सकिल मियाँ, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा सोहन साहलगायत उद्योगी-व्यवसायीको सहभागिता रहेको थियो। कार्यक्रममा आर्थिक अभियान दैनिकका ओमप्रसाद खनालले मधेश समृद्धि शृङ्खला शीर्षकको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

# सत्यनिरूपण तथा मेलमिलाप आयोगबाट प्रकाशित सूचनाप्रति पीडित पक्षको विमति

काठमाडौँ, ८ जेठ (रासस)।

द्वन्द्वमा बलात्कार पीडित महिलाको राष्ट्रिय सङ्गठनले सत्यनिरूपण तथा मेलमिलाप आयोगबाट प्रकाशित सूचनाप्रति विरोध जनाएको छ।

सो सङ्गठनका संयोजक देवी खड्काले बुधबार जारी गरेको प्रेस विज्ञप्तिमा आयोगमा पदाधिकारी नियुक्ति भएसँगै द्वन्द्वपीडितसँग परामर्शविना नै उजुरी मागसम्बन्धी सूचना सार्वजनिक गरेको र त्यसमा गोपनीयताको हकको कुनै पनि व्यवस्था नगराएको उल्लेख छ।

"मिति २०८२/०२/०५ मा नै प्रकाशित गरी उजुरीको माग गरिएको छ, यो सम्बन्धमा पीडित पक्षसँग कुनै पनि प्रकारको समन्वय नगरी, कानुनद्वारा प्रत्यायोजित पीडितको सुरक्षा र गोपनीयताको हकलाई आघात पुऱ्याउने भएकाले प्रकाशित उक्त सूचना हामी पीडित पक्षलाई मान्य छैन", विज्ञप्तिमा भनिएको छ, "यस्तो किसिमको अपरिपक्व प्रक्रियामा संलग्न हुनु भनेको आत्मघातसरहको कदम हुनेछ भन्ने हामी पीडितहरूको ठम्याइ छ।"

सात वर्षदेखि 'द्वन्द्वमा बलात्कार पीडित महिलाको राष्ट्रिय सङ्गठन' नामक सङ्गठन नै स्थापना गरी स्वःस्फूर्त रूपमा हजारौँको सङ्ख्यामा सङ्गठित भई कानुन निर्माणमा रचनात्मक सहभागिता, कानुनको संशोधनदेखि सम्बन्धित सरोकारावालाहरूसँग कार्यविधि निर्माणको मस्यौदामा छलफल, निवेदन सङ्कलनको प्रक्रियामा गोपनीयता तथा सुरक्षाको सुनिश्चितता, पीडितबाट लिइने अनुमतिपत्र, उनीहरूको मानसिक स्वास्थ्यप्रतिको संवेदनशीलतामा केन्द्रित रहेर राज्यका प्रतिनिधिसँग सकारात्मक र सहयोगात्मक सहकार्यका रूपमा रहेको भूमिकालाई बेवास्ता गरेको विज्ञप्तिमा छ।

***हनुमाननगर...***

चतुरानन्द सिंह, कृण्णा कामी लगायतका नेताहरुले जेलमा आक्रमण गरी उनीहरुलाई कैद मुक्त गराई भारतमा सुरक्षित साथ पुऱ्याएका थिए।

इतिहास विज्ञ डा.पिताम्बर लाल यादवले सोही ऐतिहासिक घट्नाको सम्झना र सम्मान तथा ऐतिहासिक स्थलको विकासका लागी गरिएको कार्यक्रमले सकारात्मक परिणााम ल्याउने बताउँदै भारतको स्वतन्त्रता संग्रामलाई थप उचाईमा पुऱ्याउन सप्तरीवासीले पनि ठूलो योगदान गरेको सुनाए।

कार्यक्रममा प्रमुख अतिथी पूर्व निर्वाचन आयुक्त डा.अयोधी प्रसाद यादव, जिल्ला समन्वय समितीका प्रमुख शिवनारायण साह, क्याम्पस प्रमुख शुशिल कर्ण, नागरिक समाजका अध्यक्ष थानसिह भन्साली, नेपाल-भारत मैत्री संघका अध्यक्ष मनोज मुन्धडा, पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण कुमार देव, आमसञ्चार प्राधिकरण मधेश प्रदेशका निर्वतमान अध्यक्ष श्यामसुन्दर यादव, सञ्चारकर्मी शिव नारायण साह, अवधेश झा, विष्णु मण्डल लगायतले पनि बोल्दै ऐतिहासिक महत्वको उक्त स्थलमा विभिन्न आकर्षक संरचना निर्माण गरी पर्यटकिय स्थलको रुपमा विकास गर्न स्थानीय, प्रदेश र दुबै देशका सरकार मिलेर पहल गर्नू पर्नेमा जोड दिएका थिए। कार्यक्रम संचालन विनयलाल कर्णले गरेका थिए।


## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

## जनहीतका लागि जारि सन्देश : खडक नगरपालिका


## विश्व समाचार

### गाजामा लगभग ९० वटा सहायता ट्रक पठाइयो : राष्ट्रसंघ

गाजा ८ जेठ, (रासस/एएफपी)।

गाजामा सहायताका लागि बुधबार करिब ९० वटा ट्रक पठाइएको संयुक्त राष्ट्रसङ्घले बताएको छ। युद्धले ध्वस्त पारेको प्यालेस्टिनी क्षेत्रमा इजरायलको नयाँ आक्रमण र नाकाबन्दीलाई लिएर अन्तर्राष्ट्रिय दबाब बढेको छ।

मार्चको सुरुदेखि गाजामा सहायता वितरण भएको थियो भने इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले अस्थायी युद्धविरामका लागि खुला रहेको बताउनुभए पनि सबै क्षेत्रलाई आफ्नो नियन्त्रणमा लिने कुरा दोहोऱ्याउनु भएको थियो।

इजरायलले सीमित सहायताको प्रवेश अनुमति दिने घोषणा गरेको तीन दिनपछि संयुक्त राष्ट्रसङ्घले करिब ९० ट्रक सामान गाजा पठाएको राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसका प्रवक्ता स्टेफन डुजारिकले बताउनुभएको छ।

इजरायली सेनाले कब्जा गरिएको पश्चिम किनार भ्रमण गर्ने विदेशी कूटनीतिज्ञहरूको प्रतिनिधिमण्डल नजिकै सेनाले गोली चलाएको केही समयपछि भएको घटनाले विश्वव्यापी निन्दा खेपिरहेको छ। गाजाको मिडियाले ८७ वटा सहायता ट्रकको आगमन भएको उल्लेख गर्दै अन्तर्राष्ट्रिय र स्थानीय संस्थाहरूलाई 'तत्काल मानवीय आवश्यकताहरू' पूरा गर्नका लागि निर्धारित गरिएको उल्लेख गरेको छ।

नेतान्याहुले गाजामा 'हाम्रो कार्यको स्वतन्त्रताको संरक्षण गर्न मानवीय सङ्कटबाट बच्न' आवश्यक रहेको बताउनुभएको छ।

इजरायली नाकाबन्दीले खाद्यान्न र औषधिको गम्भीर अभाव निम्त्याएका कारण प्यालेस्टिनीहरू आधारभूत आवाश्यकता परिपूर्तिका लागि सङ्घर्ष गरिरहेका छन्। यसैबीच इजरायलले आक्रमण जारी राख्दा गाजाको स्वास्थ्य मन्त्रालयले पछिल्लो २४ घण्टामा ८२ जनाको शव अस्पतालमा लगिएको जनाएको छ।

मानवीय सहायता समूहले गाजामा प्रवेश गर्ने सहायताको मात्रा सङ्कट कम गर्न आवश्यकभन्दा धेरै कम रहेको जनाएको छ।

संयुक्त राज्य अमेरिका समर्थित गाजाको मानवतावादी फाउन्डेसनले आगामी केही दिनमा यस क्षेत्रतर्फ सहायता पठाउने बताएको छ। यसै गरी संयुक्त राष्ट्रसङ्घ र यसका एजन्सीहरूले सहयोग गर्ने बताएका छन्।

इजरायलले आक्रमण रोक्न र गाजामा सहायताको प्रवेशलाई अनुमति दिन सहयोगीहरूबाट बढ्दो दबाबको सामना गरेको छ। युरोपेली सङ्घ (इयु) विदेशमन्त्रीहरू मङ्गलबार इजरायलसँग व्यापार समावेश भएको सहयोग सम्झौता संशोधन गर्न सहमत भएका छन्।

इजरायलको विदेश मन्त्रालयले इयुले इजरायलले सामना गरिरहेको जटिल वास्तविकताको बुझाइको पूर्ण अभावलाई प्रतिबिम्बित गरेको घोषणा गरेको छ। स्विडेनले इजरायलमाथि प्रतिबन्ध लगाउने दबाब दिने बताएको छ भने बेलायतले इजरायलसँग स्वतन्त्र व्यापारमा वार्ता स्थगित गरी इजरायली राजदूतलाई बोलाएको छ। पोप लियो चौधौँले गाजाको अवस्थालाई 'पीडादायी' भन्दै 'पर्याप्त मानवीय सहायताको प्रवेश' को आह्वान गर्नुभएको छ।

जर्मनीले इयु र इजरायलबीचको प्रमुख सहयोग सम्झौताको रक्षा गर्दै गाजाको अवस्थाबारे छलफल गर्नुपर्ने बताएको छ।

नेतान्याहुले हमास र यसका सहयोगीहरूले हिरासतमा लिएका कम्तीमा २० जना अझै जीवित रहेको विश्वास व्यक्त गर्दै बन्धकलाई मुक्त गर्न अस्थायी युद्धविरामको विकल्पमा इजरायल तयार हुने बताउनुभएको छ।

### जापानमा टयाक्सी चालकले ५० महिलालाई बलात्कार गरेको आशंका

टोकियो, ८ जेठ (रासस/एएफपी)।

जापानी प्रहरीले बिहीबार एक महिला यात्रुलाई लागुऔषध खुवाएर बलात्कार गरेको आशङ्कामा एक पूर्व टयाक्सी चालकलाई पक्राउ गरेको बताएका छन्। मिडिया रिपोर्टहरूले दर्जनौँ थप पीडित हुन सक्ने बताएका छन्।

प्रहरीले उनको ट्याक्सी वा उनको घरमा करिब ५० जना महिलालाई यौन दुर्व्यवहार गरेको करिब तीन हजार भिडियो र तस्बिर फेला पारेको योमियुरी सिम्बुन दैनिक र जिजी प्रेसले रिपोर्ट गरेका छन्।

"गत वर्ष ती व्यक्तिले २० वर्षकी एउटी महिलालाई निद्राको गोली खान लगाए, जसले गर्दा उनी बेहोस भइन्, उनलाई आफ्नो घरमा लिएर गए र अभद्र कार्य गरे, जसलाई उनले फिल्म बनाएका थिए", टोकियो प्रहरीका प्रवक्ताले भने।

प्रहरीले बुधबार ५४ वर्षीय ती व्यक्तिलाई 'सहमतिविहीन यौन सम्पर्क र यौन अङ्गको छायाङ्कनको सजाय सम्बन्धी कानूनको उल्लङ्घन' को आशङ्कामा पक्राउ गरेको थप विवरण नदिई प्रवक्ताले बताए। मिडिया रिपोर्टहरूका अनुसार उनको कपालमा निद्राको चक्कीका निशानहरू फेला परेका थिए। रिपोर्टहरूका अनुसार ती व्यक्तिको फोन र अन्य उपकरणहरूमा बरामद गरिएका फुटेजहरू सन् २००८ देखिका थिए।

ती व्यक्तिलाई गत अक्टोबरमा अर्की महिलालाई लागुऔषध खुवाएर उनको ४० हजार येन (दुई सय ८० डलर) लुटेको आशङ्कामा पक्राउ गरिएको पनि मिडियाले बताएका छन्। कथित अभद्र आक्रमणको आरोपमा डिसेम्बरमा फेरि हिरासतमा लिनुअघि उनलाई पछि रिहा गरिएको थियो।

# सहिदहरुको सम्मानका लागि उनीहरुको परिवारलाई रोजगारी, सीप र शिक्षा दिनुपर्छ : मन्त्री लेखी



दैनिक समाचारदाता
जनकपुरधाम, ८ जेठ ।

मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानून मन्त्री राजकुमार लेखीले सहिदहरूको सपना पुरा गर्नका निम्ति उनीहरुको परिवारलाई रोजगारी, सीप र शिक्षा दिनुपर्ने बताएका छन् ।

बुधबार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा बोल्दै मन्त्री लेखीले यस्तो बताउँदै सहिदहरुलाई सम्झना केवल समारोह र भाषणमा सीमित रहनु नहुने स्पष्ट पारे । उनले भने, "एक दिनको नाचगान र भोजभतेरले सहिदहरुको सम्मान हुदैन, उनीहरुको सपना पूरा गर्ने हो भने उनीहरुको परिवारलाई रोजगारी, सीप र शिक्षा दिनुपर्छ ।"

सहिद प्रतिष्ठानलाई व्यवस्थित गर्नका लागि मन्त्रालयले सहिद प्रतिष्ठान ऐन ल्याउन लागेको जानकारी दिदै उनले भने, "वर्षमा एक दिन दोसल्ला ओढाएर सहिद परिवारलाई सम्मान गर्दैमा उनीहरुको उचित सम्मान हुदैन, राज्यले दीर्घकालीन रुपमा सोच्नु पर्छ त्यसैले सहिद प्रतिष्ठान ऐन ल्याउन लागिएको हो ।"

प्रदेश सरकारका प्रवक्ता समेत रहेका मन्त्री लेखीले चालु आर्थिक वर्षमा सहिदका सन्तानहरूलाई छात्रवृत्तिका लागि ५० लाख रुपैयाँ बजेट विनियोजन गरिएको र आगामी वर्षमा सीपमूलक तालिमका लागि ८० लाख रुपैयाँ छुट्याइने जानकारी दिए । उनले भने सीपमूलक तालिमका लागि 'सिलाइ, ब्युटी पार्लर तालिमसँगै आवश्यक उपकरणहरू पनि प्रदान गरिनेछ ।"

आगामी आर्थिक वर्ष २०८२/८३ का लागि नीति तथा कार्यक्रमको तयारी अन्तिम चरणमा पुगेको जानकारी दिंदै मन्त्री लेखीले यही जेठ १५ लगत्तै सो कार्यक्रम सार्वजनिक गर्ने तयारी रहेको छ ।

मन्त्री लेखीले सञ्चार मन्त्रालय विगतका बजेटमा उपेक्षित हुँदै आएको गुनासो गर्दै यसपटक प्राथमिकतामा राखिएको बताए । उनले भने, "बजेट निर्माणमा सञ्चार क्षेत्र र सहिद परिवारको सम्मान तथा सशक्तिकरणलाई प्राथमिकतामा राखिएको छ ।"

पत्रकारहरूको सुरक्षालाई ध्यानमा राख्दै पत्रकार बीमालाई जीवन बीमामा रूपान्तरण गर्ने तयारी गरिएको समेत बताए । साथै, मधेश प्रदेशका ज्येष्ठ पत्रकारहरूको सम्मान कार्यक्रम छिट्टै आयोजना गरिने जानकारी पनि दिए ।

मन्त्री लेखीले पत्रकारहरूसँग प्रत्यक्ष संवाद गरी नीति तथा कार्यक्रमको मस्यौदा सुदृढ बनाउनु उद्देश्य रहेकोले सञ्चारकर्मीहरूको सुझाव र सरोकार समेटेर मन्त्रालयको नीति तयार गरिने जनाए ।

मधेश प्रदेशमा नेपाल प्रहरी र सशस्त्र प्रहरीका संरचना कमजोर रहेको स्वीकार गर्दै तिनको सुदृढीकरण र नयाँ पूर्वाधार विकासमा बजेट विनियोजन गरिने जानकारी पनि दिए ।

# सांसद साहद्वारा अस्पतालको निरिक्षण

दैनिक समाचारदाता
राजविराज, ८ जेठ ।



राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालमा बिरामीको चाप बढेपछि विभिन्न समस्याले ग्रस्त बनेको विषयमा गुनासो आएपछि मधेश प्रदेश सांसद किरण साहले अस्पतालको बिहीबार स्थलगत निरिक्षण गरेकी छिन् ।

बिरामीहरुले फोन गरेर विभिन्न समस्या बारे जानकारी गराएपछी आफू स्थलगत निरिक्षण र बिरामीरुहको गुनासो सुन्न अस्पताल पुगेको सांसद साहले संचारकर्मीहरुलाई बताइन् ।

उनी अस्पतालका वार्ड वार्डमा पुगेर बिरामी र उनका आफन्तलाई भेट्दै समस्या बारे जानकारी लिएकी छिन । सो क्रममा अधिकांश बिरामी र उनका आफन्तले सरसफाई, शौचालयमा चुकुल नभएको, बेडका ओछ्यान धुलाईमा ढिलाई भएको, स्वच्छ खानेपानी र निशुल्क औषधी वितरण लगायतका विषयमा समस्या रहेको जानकारी गराएका थिए ।

सांसद साहलाई केही बिरामीका आफन्तले महिला वार्डको पुरानो भवन ठाउँ ठाउँमा चर्केको तथा कुनै बेला पनि भत्किने अवस्थामा रहेको भन्दै यसको जिर्णोद्धारका लागि समेत पहल गर्न आग्रह गरेका थिए ।

उल्लेखीत समस्याहरु समयमै समाधान नहुँदा बिरामी र उनका आफन्तले समस्या भोग्नुपरेको पीडा बारे सांसद साहले तत्कालै मेडिकल सुपरिटेन्डेन्ट डा. प्रकाश साहलाई बोलाई आवश्यक जानकारी लिएका थिए । उनले अस्पतालमा देखिएका स-साना समस्या तत्काल समाधान गर्न निर्देशन सहित यहाँबाट सम्भव नभएका आवश्यक कार्यका लागि आफूले माथिल्लो निकायमा पहल गर्ने प्रतिबद्धता जनाएकी थिइन् ।

## राजविराज....

गरेको र आफुलाई लक्षित गरी अभद्र गाली बचन प्रयोग गरेको उनले उजुरीमा उल्लेख गरेकी छिन ।

घटनाका बेला सिसीटिभी क्यामेरामा कैद भएका फुटेजहरु समेत पेन ड्राइभमा राखी बुझाइएको उजुरीपत्र मार्फत उनीहरुलाइ अविलम्ब पक्राउ गरी सार्वजनिक भौतिक संरचनाको अनाधिकृत कब्जा, विनास एवं अपराधिक उपद्रव तर्फ कारवाही चलाउन माग गरिएको छ । उजुरी मार्फत उनले मुलुकी फौजदारी कार्यविधी संहिता २०७४ को दफा ६ बमोजिम कारवाही हुनु पर्ने माग समेत गरेकी छिन ।

उजुरीमा उनले गत वर्षको असार महिनामा सरसफाइकर्मीले काम गरेको१६ दिनको तलब बाँकी रहेको र योजना अधिकृत यादवल भुक्तानीमा बखेडा झिकेपछि करिब एकसय जना सरसफाईकर्मी काम छाडेर नगरपालिका कार्यालयको प्रवेशद्वार मै धर्नामा बसेको समेत उल्लेख गरेकी छिन ।

योजना अधिकृत यादव कै कारण बिहीबार सरसफाईकर्मी कार्यालयको प्रवेशद्वार मै कुचो थुपारेर काम रोक्दा नगरको सरसफाई कार्य समेत प्रभावित बनेको भन्दै उनले कार्यालयमा काम गर्ने वातावरणका लागि सुरक्षा सहितका व्यवस्था मिलाउन आग्रह गरेकी छिन ।

उनले कार्यपालिकाको निर्णयको समेत पटक-पटक वेवास्ता तथा अवज्ञा गरेका योजना अधिकृत यादवकै कारण नगरपालिकाको विभिन्न विकास निर्माण र योजनाहरु प्रभावित हुँदा प्राप्त बजेटको २० प्रतिशत रकम मात्र अहिले सम्म खर्च हुन सकेको बताएकी छिन् ।

# लोकसेवा परीक्षा सम्बन्धी अभिमुखीकरण कार्यक्रम




दैनिक समाचारदाता
राजविराज, ८ जेठ ।

जनसंख्याको अधारमा लोकसेवा मार्फत जनसहभागीता र विभिन्न कुलतबाट युवाहरुलाई जोगाउने उद्देश्यका साथ सप्तरीको राजगढ गाउँपालिकामा सचेतनामूलक कार्यक्रमको आयोजना गरिएको छ ।

राज्यको मुल प्रवाहीकरणमा मधेसी समुदायको उल्लेख्य सहभागिता गराउने उद्देश्यले जनचेतनामूलक नैतिकवान मधेस तथा सशक्त नैतिक शिक्षा कार्यक्रम अन्तर्गत बिहीबार लोकसेवा परीक्षा तयारी सम्बन्धि अभिमुखिकरण कार्यक्रमको आयोजना गरिएको हो ।

कार्यक्रमका प्रमुख अतिथि नेकपा एमाले पोलिटब्युरो सदस्य सुमनराज प्याकुरेलले विगतमा मधेसी समुदाय नेपालको पहाडी तथा हिमाली जिल्लाहरु उल्लेख्य संख्यामा विद्यालयहरुमा गणित र विज्ञानको शिक्षक तथा प्राविधिक लगायतका क्षेत्रमा रहदै आएकोमा अहिले सो अवस्था नरहेको भन्दै चिन्ता व्यक्त गरे ।

मधेसी आयोग ललितपुरको आयोजना तथा राजगढ गाउँपालिकाको सहकार्यमा कक्षा ११ मा अध्यनरत विद्यार्थीहरुलाई लक्षित गरि आयोजित कार्यक्रममा सहभागि विद्यार्थीहरुलाई प्रशिक्षणको व्यवस्था समेत मिलाइएको छ ।

मधेसी आयोगका सदस्य अभासेतु सिंहको अध्यक्षतामा आयोजित अभिमुखिकरण कार्यक्रममा गाउँपालिका अध्यक्ष ओमप्रकाश मण्डल, उपाध्यक्ष रेणु कुमारी मण्डल, प्रमुख जिल्ला अधिकारी भोला दाहाल, वरिष्ठ प्रहरी उपरिक्षक गोपाल चन्द्र भट्टराई, प्रहरी निरिक्षक राकेश राई, मनिष श्रेष्ठ, राजगढ गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत सरोज कुमार झा लगायतध स्को उपस्थिति रहेको थियो ।


सहकारी ऐन २०४८ अन्तर्गत स्थापित
सहकारी बिभाग दर्ता न.१२०१०५७५८

स्था. २०५७

## जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

राजविराज–४, सप्तरी

मिति : २०८२/०२/०९

### कर्जा चुक्ता गर्न आउन बारे ३५ दिने अत्यन्त जरुरी सुचना ।

तपसिलमा उल्लेखित तपाई ऋणी सदस्यहरुले यस संस्थाबाट लिनु भएको ऋणको भाखा नाघि सकेको हुँदा सो ऋण बुझाउन पटक पटक ताकेता पत्र पठाई सकिएकोमा हाल सम्म पनि सो ऋणको साँवा र समय समयमा बुझाउनु पर्ने ब्याज समेत नबुझाउनु भएकोले सहकारी ऐन २०७४ र सहकारी नियमाबली २०७५ को नियम ३० को उपनियम १ को खण्ड (क) बमोजिम यो ३५ (पैतिस) दिने सुचना प्रकाशित गरिएको छ । उक्त सुचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतिस) दिन भित्र ऋणको साँवा र बुझाउने दिन सम्मको ब्याज, हर्जाना समेत तिर्न बुझाउन ल्याउनु होला । यदि सो ऋण बुझाई सकेको भए त्यसको प्रमाण पेश गर्नु होला । तोकिएको समय भित्र ऋण रकम नतिरेमा वा तिरिसकेको भए सो को प्रमाण पेश नगरेमा तपाईले दिनु भएको धितो सहकारी ऐन र नियमावली बमोजिम लिलाम बिक्री गरि ऋण रकम, ब्याज, हर्जाना र लिलाम बिक्री गर्दा लागेको सम्पुर्ण खर्च समेत तपाई बाट असुल उपर गरिने व्यहोरा यसै सुचना द्वारा जानकारी गराइन्छ ।

तपशिल

<table>
<tr><th>सि.नं.</th><th>ऋणी सदस्यको विवरण</th><th>ठेगाना</th><th>धितो विवरण</th></tr>
<tr><td>१.</td><td>श्री बद्री प्रसाद साह<br>बुवा : सागर प्रसाद साह हलुवाई<br>बाजे : भगवान लाल साह</td><td>जिल्ला सप्तरी,<br>साबिक राजबिराज न.पा. –७<br>हाल राजबिराज न.पा. – ६,</td><td>जिल्ला सप्तरी, गा.वि.स. खोजपुर वडा नं. २, स्थित किता नं. २८५ को क्षेत्रफल ०–१–१० भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।</td></tr>
<tr><td>२.</td><td>श्री गुलाब देवी खंग<br>पति : काशि खंग खत्वे<br>बुवा : रामफल खंग<br>ससुरा : झलु खंग</td><td>जिल्ला सप्तरी,<br>साविक, गा.वि.स. हरिहरपुर वडा नं.४,<br>हाल, गा.पा. अग्नीसाईर कृष्णासबरन वडा नं.३</td><td><table><tr><th>सि.नं.</th><th>जिल्ला</th><th>गा.वि.स.</th><th>वडा नं.</th><th>किता नं.</th><th>क्षेत्रफल</th></tr><tr><td>१</td><td>सप्तरी</td><td>हरिहरपुर</td><td>५</td><td>५८१</td><td>०–१–१०</td></tr><tr><td>२</td><td>सप्तरी</td><td>हरिहरपुर</td><td>५</td><td>५८३</td><td>०–१–१०</td></tr><tr><td>३</td><td>सप्तरी</td><td>हरिहरपुर</td><td>५</td><td>५३६</td><td>०–२–५</td></tr><tr><td>४</td><td>सप्तरी</td><td>हरिहरपुर</td><td>३क</td><td>३५२</td><td>०–१–०</td></tr></table>उल्लेखित जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।</td></tr>
<tr><td>३.</td><td>श्री राम कुमार सुतिहार<br>बुवा : भोला सुतिहार<br>बाजे : फेकु सुतिहार</td><td>जिल्ला सप्तरी,<br>साविक, गा.वि.स. छिन्नमस्ता वडा नं.२,<br>हाल, गा.पा. छिन्नमस्ता वडा नं.३</td><td><table><tr><th>सि.नं.</th><th>जिल्ला</th><th>गा.वि.स.</th><th>वडा नं.</th><th>किता नं.</th><th>क्षेत्रफल</th></tr><tr><td>१</td><td>सप्तरी</td><td>सखडा</td><td>२ख</td><td>६१५</td><td>०–०–६</td></tr><tr><td>२</td><td>सप्तरी</td><td>सखडा</td><td>२ख</td><td>६१६</td><td>०–०–६</td></tr></table>उल्लेखित जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।</td></tr>
<tr><td>४.</td><td>श्री सानो देवी महतो<br>पति : भटन महतो<br>बुवा : बिलट महतो<br>ससुरा : धुपी महतो</td><td>जिल्ला सप्तरी,<br>हाल राजबिराज न.पा. वडा नं.११</td><td>जिल्ला सप्तरी, गा.वि.स. फर्सेठ वडा नं.८ ख, स्थित किता नं. ५९३ को क्षेत्रफल ०–० –१० भएको जग्गा र उक्त जग्गाले चर्चेको लिगलगापात समेत ।</td></tr>
</table>


प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : *rajbirajdainik@gmail.com*, वेवसाइट : *rajbirajdainik.com.np*